# म्याङलुङ नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
# तेह्रथुम

नगर प्रमुख
संजयकुमार तुम्बाहाङफेद्वारा प्रस्तुत

# १० असार २०७७
# छैटौं नगरसभा
# आर्थिक बर्ष २०७७/०७८

www. myanglungmun.gov.np Email myanglungmunicipality@gmail.com

## म्याङ्लुङ्ग नगरपालिका

### नगर प्रमुख संजयकुमार तुम्बाहाङफेद्धारा प्रस्तुत नीति  तथा कार्यक्रम

### १० असार २०७७

### छैटौं नगरसभा आर्थिक वर्ष २०७७/०७८

**सभासदज्यूहरु,**

१। सम्पुर्ण विश्व नै कोभिड १९ (कोरना भाईरस) महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण, असहज एवं विषम अवस्थामा यस नगरसभाको वैठकलाई सम्बोधन गर्दैछु ।

२। नेपाली जनता र राष्ट्रको समृद्धि तथा राजनीतिक एवम सामाजिक परिवर्तनका सवै आन्दोलनमा अमुल्य जीवनको वलिदानि गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात अमर शहीदहरुमा भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । शहीदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माण गर्ने यो महान यात्रालाई सार्थक तुल्याउने कार्यमा अविचल्लीत रुपमा अगाडी बड्ने प्रण गर्दछु । यस सुन्दर नगरी म्याङलुङ नगरपालिका वडा नं. ८ मा जन्म भै जनताका अधिकार प्राप्तिको अभियानमा जिवन उत्सर्ग गर्नुहुने शहिद नेत्र गुरागाईलाई थप स्मरण गर्दै उहाँ प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

३। .कोभिड १९ महामारीका कारण मानव जाति माथि सबैभन्दा ठूलो संकट उत्पन्न भएको छ । यस महामारीबाट संक्रमित भई नेपाल र नेपाल वाहिर जीवन गुमाउनुहुने नेपाली तथा अन्य मित्रराष्ट्रका नागरीक प्रति गहिरो समवेदना व्यक्त गर्दछु । साथै उपचारार्थ सम्पूर्ण दिदीवहिनी तथा दाजुभाईहरुको सीघ्र स्वास्थ लाभको कामना गर्दछु।

४। कोभिड १९ महामारिको यस विषय परिस्थितिमा अग्रपङ्तिमा रहेर सेवागर्ने चिकित्वक, नर्स , स्वास्थ्यकर्मी , सुरक्षाकर्मी सरसफाई कर्मी , एम्बुलेन्स चालक र महामारी रोकथाम एवं नियन्त्रणमा खटिने सम्पूर्ण कर्मचारीको उच्च प्रशंसा गर्दछु । यस कार्यमा नगरपालिकाले चालेका कदममा पूर्ण साथ दिई सहयोग र्नु भएकोमा म सम्पूर्ण नगरवासी, दिदि वहिनी तथा दाजुभाइ प्रति हार्दिक आभाव व्यक्त गर्दछु ।

५। म्याङलुङ नगरपालिकाका नगरवासीहरुको जीवन रक्षा र संरक्षण हाम्रो सर्वोच्च कर्तव्य हुन आएको छ । संक्रमण थप फैलन नदिन र यस महामारी माथि विजय प्राप्त गर्न आगामी दिनहरुमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एकढिका भएर दृढताकासाथ लाग्न म सबैमा अनुरोध गर्दछु । यसै सन्दर्भमा यस नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण र उपचार कोष मा रकम उपलब्ध गराउने सबै लाई धन्यबाद दिन्छु ।

६। कोभिड १९ संक्रमणको व्यापकताले सृजना हुन सक्ने परिस्थितिको  आंकलन गरी हाल यस नगरपालिकाले सम्पादन गरीरहेको क्वारेन्टाइन व्यवस्थापन, राहात वितरण, सचेतना, कार्यक्रम, सूचना संकलन तथा सम्प्रेषण जस्ता कार्यहरुको लागि प्राथमिकता साथ वजेट तथा कार्यक्रमको व्यवस्था गरीनेछ । यस्तो व्यवस्था गर्दा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरु सँग समन्वय र सहकार्य  गरीनेछ ।

७। आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्राविधिको प्रयोग गरी कार्यान्वयन गरीने योजनाहरु  छनौटमा प्राथमिकता दिइनेछ ।

८। संक्रमण जोखिम रहँदा सम्म अशक्त , असाहय एव. आर्थिक रुपले विपन्न गर्भवती महिला, ज्येष्ठ नागरीक र अपाङ्गता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गरीनेछ । साथै मनो समाजिक परामर्श सेवा उपलब्ध गराउने आवश्यक प्रबन्ध गरीनेछ ।

९। कोभिड -१९ नियन्त्रण र रोकथाम मा  यस नगरपालिकामा खटिने स्वास्थ्य कर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (माक्स, पञ्जा , सेनिटाईजर, पिपिई) हरुको अभाव नहुने व्यवस्था मिलाइनेछ ।

१०। कोभिड १९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागू गरेको लकडाउनका कारण सृजित असमान्य परिस्थितिले गर्दा आर्थिक क्रियाकलापमा आएको संकुचन सँगै यस नगरपालिकाको आन्तरिक आय, अन्तर सरकारी वित्त हस्तान्तरण  , राजस्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई  ध्यान दिदै लचकता सहितको वजेट तर्जुमा गरीनेछ ।



संजय कुमार तुम्बाहाङफे
नगर प्रमुख

११। नेपालको संविधानको कार्यान्वयन सगै २०७४ साल असार १४ गतेका दिन सम्पन्न स्थानीय तहको निर्वाचनमा तपाइ नगरपासी म्याङलुङ नगरवासीहरुको प्रतिनिधि भै कार्यभार सम्हालेको ३ वर्ष पुरा भएको अवस्थामा जनताको विकास प्रतिको चाहानालाई सम्वोधन गर्दै आएका छौ । यस सन्दर्भमा नगरपासीहरुलाई कर्तव्य पथमा डोऱ्याउन घचघचाउने नगरपालिकाको सम्पूर्ण सभासद ज्यूहरु, सम्पूर्ण नगरवासि , तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक अभिवादन तथा सम्मान व्यक्त गर्दछु ।

**सभासद् ज्युहरु,**

यस म्याङ्लुङ्ग नगरपालिकामा स्थानीय तह कार्यान्वयनमा आएपछि हमी जनप्रतिनिधिको रुपमा निर्वाचित भए पञ्चात सम्पादन गरेका उल्लेखनिय कार्यहरु बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्दछु । जनताले पाउने दैनीक सेवा सुविधामा सहजता आएको छ । नगरको शासन प्रणालिमा जनताको आवाज आवश्यकता र मागहरुको सम्वोधनमा सम्पूण नगरपालिका तदारुपताका साथ कृयशिल छ । नगरको शिक्षा, स्वास्थ्य,खेलकुद, सामाजिक समावेसिकरण र पुर्वाधार विकासलाई प्राथमिकता दिइएको छ । सडक सञ्जालको विस्तार भएको छ म्याङ्लुङ्ग रिङ्गरोडको ट्रयाक खुलाउने कार्य अन्तीम चरणमा पुगेको छ , म्याङ्लुङ्ग नगरपालिकाको आफ्नै सुविधा सम्पन कार्यलय भवन निमार्ण सम्पन भएको छ । म्याङ्लुङ्ग लम्बुघाट छथर जोड्ने सडक स्तरउन्नती भएको छ , म्याङ्लुङ्ग वसपार्क निमार्णहुने क्रममा छ , प्रदेश सरकार साझेदारीमा वडा नं. ९ साब्ला मा शितभण्डार निर्माण सम्पन हुने क्रममा छ, प्रदेस सरकारकै साझेदारीमा म्याङ्लुङ्ग वडा नं. ९ र ४ मा पर्ने पार्टि गाउँमा नेत्रगुरागाई वहुप्राविधिक शिक्षालय निमार्ण थालनीको क्रममा छ । त्यसैगरी आलेटारमा सहिद नेत्र गुरागाँई पार्क, आम्बुङ्गमा नेत्र गुरागाई खेल मैदान , थलडाँडामा म्याङ्लुङ्ग भ्यूटावर , तम्फुलामा तम्फुला लिफ्टीङ्ग सिचाई आयोजना, वडा नं. २ मा बैकुन्ठे खानेपानी आयोजना तथा सिमिनाक्सी सुर्योदय सकिकृत पार्क निमार्ण लगायतका महत्वपूर्ण आयोजनाहरु तदारुकताका साथ निमार्ण भईरहेका छन् ।

**सभासद् ज्युहरु,**

१२। संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संबिधान जारी भए सँगै सोही संविधानको आधारमा सम्पन्न स्थानीय तहको संरचना अनुसार ऐतिहासिक निर्वाचन द्धारा गठन भएको प्राकृतिक रुपमा सुन्दर तेह्रथुम जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपुर्ण केन्द्र तथा सदरमुकाममा अवस्थित यस म्याङलुङ्ग नगरपालिकाको आर्थीक वर्ष २०७६/०७७ को नीती तथा कार्यक्रममा प्रस्तुत ऐतिहासिक कुराहरुलाई कायम राख्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ अनुसार यस गरीमामय छैटौं नगरसभामा “कृषि, पर्यटन, मानविय संसाधान, जलश्रोत र पूर्वाधार सुशासन स्वच्छ सुन्दर म्याङलुङ्ग नगर सबृसद्धिको आधार” भन्ने यस नगरपालिकाको दुर दृष्टिलाई चरितार्थ गन आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

**सभासद ज्यूहरु,**

१३। नगरबसीहरुमा विकास निर्माणको प्रतिको चाहाना अधिक हुनु स्वभाविक नै छ । यस्तो अवस्थामा उपलब्ध साधन र श्रोतको समुचित व्यवस्थापन र प्रयोगद्धारा नगरबासीको चाहाना बमोजिम म्याङलुङ्ग नगरको समृद्धि र विकासको लागि अधिकतम प्रगति हासिल गर्ने कुरामा नगरपालिका सफल हुन्छ भन्ने मैले बिस्वास लिएकोछु । स्थानीय सरकारमा जनताको सहज पहुंच र जनता संग निकटता भएको हुँदा नगरवासीहरु र जनप्रतिनिधिमूलक संस्था बिच अन्योन्याश्रित सम्बन्ध कायम राख्न कटिबद्ध रहने छ । बहुजातिय, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त म्याङलुङ्ग नगरलाई समृद्धिको बाटोतर्फ डोऱ्याउन यहाँ रहेका प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक र म्याङलुङ्ग नगरका विषेशताहरुको संरक्षण, गर्दै नयाँ सम्भावानाहरुको खोजी गरीनेछ ।

१४। प्रस्तुत नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका प्रावधानहरु संघीय तथा प्रादेशिक सरकारका आवधिक योजनाहरु आ.व २०७७।०७८को नीति तथा कार्यक्रमहरु, यस नगरपालिकाको आवधिक योजनाले मार्गनिर्देशन तथा विभिन्न तहबाट प्राप्त हुन आएका सुझाव समेतका आधारमा तयार गरीएको छ । विगत नगर सभामा छलफल गरीएका बिषयहरु क्रमश: फोहोर मैला व्यावस्थापन, म्याङलुङ्ग बजार रिङ्गरोड, वारुणयन्त्र व्यवास्थापन, पार्क निर्माण , वाल उद्धान निर्माण, पिगुवा सिचाई आयोजना, तुर्मलिङ्गटार विमानस्थल निर्माण , शिशु हेरचाह केन्द्र व्यवस्थापन, सबै विद्यालयका शिक्षकहरुको लागि ई-हाजिरी, ढाका प्रबर्द्धन, बजार क्षेत्रमा सिसि क्यामेरा जडान, लगायत अन्य साझेदारिमा आधारीत कार्यक्रम सहित प्रभावकारी सेवा प्रवाह गर्ने जस्ता कार्यक्रमलाई पुन जोड दिईएको छ ।



संजय कुमार तुम्बाहाम्फे
नगर प्रमुख

**सभासद ज्यूहरु,**

१५। सडक निर्माण र स्तारोन्नती गर्दा **"म्याङलुङ्ग नगर सडक गुरुयोजना"** मा परेका र जनसहभागिता एवं लागत सहभागिता बढी हुने क्षेत्रका योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई लाभान्वित जनसंख्याको आधारमा कम्तिमा **"एक वडा एक सडक"** नगर स्तरिय योजनाको रुपमा निर्माण गरीने नीति अवलम्वन गरीनेछ ।

१६। नगरपालिकाको रिङ रोड तथा प्रत्येक वडा जोड्ने लिंक रोडलाइ गौरवको आयोजनामा समावेश गरी सोहि अनुसार वजेट विनियोजन गरीनेछ ।

१७। विगत नगर सभावाट पारित नीति अनुसार छ मिटर भन्दा बढि चौडा भएका सडकमा मात्र निर्माण गर्ने नीति अवलम्वन गरीएको छ । जनसहभागितामा आधारित सडक योजनाहरु संचालनको लागि साझेदारी नीति बनाई संचालनमा ल्याईनेछ ।

१८। म्याङलुङ्ग नगरपालिकाबाट सञ्चालित म्याङलुङ्ग चक्रपथ, प्रदेश सरकारबाट संन्चालित म्याङलुङ्ग लम्वुघाट ओखे सडक, मुख्य मन्त्री ग्रामिण कृषि सडक अर्न्तगत जिरिखिम्ती मोराहाङ सडक, चौकी सिमिनाक्सी म्याङ्लुङ्ग सिम्रा सडक , म्याङ्लुङ्ग नाग्दह उराठैं लालिगुराँस जोड्ने सडक, वसपार्क म्याङ्लुङ्ग क्याम्पस सिम्रा सडक त्यस्तै गरि संघीय सरकारबाट सञ्चालित मध्य पहाडी लोकमार्गको म्याङलुङ्ग बसन्तपुर खण्डको काम यथासिघ्र कार्य सम्पन गर्न र गुणस्तर कायम गराउने कार्यलाई प्राथमिकता दिईनेछ । यसका साथै तमोर हाइड्रो ७६२ मेघावाटलाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा कायम गरीदिन संघीय सरकारलाई अनुरोध गरीनेछ ।

१९। मर्मत सम्भार कोषको स्थापनाका लागि ***"मेरो सडक मेरो पनि लगानी, गाडी नचल्दा नगरपासीलाई नै हुन्छ हैरानी"*** कार्यक्रम अर्न्तगत रकम जुटाई मर्मत सम्भार कोष खडा गर्ने कार्यलाई थप व्यवस्थित बनाईने छ । मर्मत सम्भार कोषमा जम्मा हुन आउने रकम खर्च गर्न कोषको कार्यबिधि बनाई खर्च गर्ने व्यवस्था मिलाईने छ ।

२०। म्याङलुङ्ग नगरपालिकाको म्याङलुङ्ग वजार र जिरिखिम्ती वजारमा व्यवस्थित हिसावले पार्किङको व्यवस्था मिलाउन जग्गाको उपलव्धता र वाटोको अवस्था हेरी वसपार्क निमार्णको कार्यलाई निरन्तरता दिईनेछ ।

२१। बहुबर्षिय आयोजनाको रुपमा प्रत्येक वडामा ***एक वडा एक गौरवको आयोजना*** संचालन गरी आगामी २ बर्ष भित्र सम्पन्न गरीनेछ ।

२२। पिंगुवा सिचाई , ताङ्मायां सिंचाई, सन्तोले सिंचाई, तम्फुला लिफ्ट सिंचाई तथा प्रदेश सरकारबाट अगाडि सारिएको पिङ्गुवा डाँडाखर्क लिप्ट सिचाई पिप्ले अन्य लिफ्ट सिंचाई लगायत ठुला सिंचाई परियोजना निर्माणको लागि संघ सरकार र प्रादेशिक सरकारमा आवश्यक पहल गरीनेछ ।

२३। वर्तमान अवस्थामा सञ्चालित सिंचाई योजनाहरुको स्तर उन्नति गरी थप क्षेत्रमा सिंचाइ सुविधा विस्तार गर्ने नीति अवलम्वन गरीने छ । थप सिँचाइ सुविधा पुऱ्याउन संघ, प्रदेश सरकार, तथा अन्य संघ संस्थाहरुसँग समन्वय गरी कार्यान्वयन गर्न पहल गरीनेछ ।

२४। सुख्खा क्षेत्रमा आकासे पानि संकलनका लागि पानि पोखरी निर्माण गरी थप क्षेत्रमा सेवा विस्तार गरीनेछ । व्यवसायिक कृषि गर्ने प्रत्येक किसानलाई एक प्लाष्टिक पोखरी उपलब्ध गारउने नीति लिइनेछ ।

२५। म्याङ्लुङ्ग नगरपालिकाको सिचाई मूल श्रोत भएका र सिचाई क्षेत्रको जग्गा रहेका क्षेत्रमा साना सिचाई परियोजना (SIP) , संघ सरकार, म्याङ्लुङ्ग नगरपालिका र स्थानीय उपभोक्ताको लागत साझेदारीमा सञ्चालन गरीने सिंचाई कुलो ममर्त कार्यक्रम सिंचाई जल उपभोक्ता सस्था दर्ता गराई गुणस्तरीय एव. दिगो सिचाई आयोजना मर्मत कार्यक्रमलाई प्राथमिकताका साथ निरन्तरता दिईने निति अवलम्वन गरीने छ ।

२६। नगरपालिका क्षेत्र भित्र स्वीकृत नलिइ कुनै जग्गा प्लटिङ गरी बेच्ने कार्यलाई निरुत्साहीत गरीनेछ । मापदण्ड पूरा नगरी जग्गा प्लटिङ गरेर निर्माण गरीएको सडकहरुमा नगरपालिकाबाट पुर्वाधार बिकासमा लगानि नगर्ने नीति लिईनेछ ।

२७। "सबैको रहर : स्वच्छ, सुन्दर समृद्ध म्याङलुङ्ग शहर" सुरक्षित नगर बनाउन र सम्भावित भूकम्पीय जोखिमबाट हुन सक्ने क्षतिलाई न्युनिकरण गर्न तथा घर नक्सा पास कार्यलाई व्यवस्थित नियमित तथा मर्यादित बनाउन म्याङलुङ तथा जिरिखिम्ति वजार क्षेत्रको शहरी योजना तयार गर्न आवश्यक सहकार्य तथा व्यवस्थापनमा सहयोग प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

२८। शहरीकरण हुने क्षेत्रमा घर नक्शा पास सम्वन्धि प्रचलित कानुनको आधारमा घर नक्शा पास गर्न सहज वातावरण सिर्जना गरीनेछ ।

२९। यस नगरपालिका क्षेत्रमा ठुला ठुला सामाजिक कार्य र विभिन्न कार्यक्रम समेत गर्नको लागि एक हजार क्षमताको सामुदायिक भवन निर्माण कार्य प्रदेश सरकारको सहयोग अगाडि वढाइनेछ ।

३०। म्याङलुङ्ग नगरपालिकालाई निश्चित मापदण्डको आधारमा ब्यावसायिक क्षेत्र, ब्यपारिक क्षेत्र, आवासिय क्षेत्र र ग्रामिण क्षेत्र वर्गीकरण कृषिएको छ ।

३१। ***"घर घरमा उज्यालो हाम्रो मान, उज्यालो म्याङलुङ नगरपालिका निर्माण हाम्रो अभियान"*** कार्यक्रम मार्फत नगरपालिका भित्रका सबै क्षेत्रहरुमा स्टील पोल सहित चालु आर्थिक वर्ष भित्रमै विद्युत उपलब्ध गराई उज्यालो नगरपालिका घोषणा गर्ने नीति अवलम्वन गरीनेछ ।

३२। बैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा, शुन्य फोहोर मैलाको रुपमा वायो ग्यासको विकास गर्न नीजि क्षेत्र तथा गैसस सँग आवश्यक समन्वय गर्ने कार्यक्रम तय गरीनेछ ।

३३। नगरलाई सुरक्षित र उज्यालो नगरको रुपमा परिचित गर्न नगरका मुख्य बजारमा चालु आ.ब. भित्रै सि.सि. क्यामरा तथा सडक वत्ति जडान भै सकेको र अन्य क्षेत्रमा समेत यस कार्यलाई विस्तार गरीने छ साथै सौर्यउर्जा सडक बत्ति विस्तार कार्यक्रमलाई प्राथामिकता दिईने नीति अवलम्बन गरीने छ ।

३४। नेपाल विद्युत प्राधिकरण, स्थानीय बजारबासी तथा सामाजिक संघ सस्थाहरुको सहकार्यमा विद्युतीय सडक बत्तीको व्यवस्थापन भएकोमा सौर्य सडक बत्तीको व्यवस्थापनका लागी आवश्यक योजना तयार गरीनेछ ।

३५। प्रत्येक वडा कार्यालयमा टेलिफोन सहित इमेल, इन्टरनेटको सहज व्यवस्थापन गरी कामलाई छिटो छरीतो गर्न नेपाल दुर सञ्चार कार्यालयसँग आवश्यक समन्वय गरी कार्यान्वयन गरीनेछ ।

३६। नगरपालिकाका सवै कार्यक्रमलाई नगरपालिकाको Web Site मा प्रविष्टी गर्ने कार्यलाई थप व्यवस्थित पारदर्शी एवम जवाफदेहिता वृद्धि गरीनेछ ।

३७। समय र प्रविधिलाई आत्मसाथ गर्दै म्याङलुङ्ग नगरपालिकाको विस्तृत विवरण सहित तथ्याङ्क समेटिएको डिजिटल प्रोफायल निमार्ण गर्ने र अपडेट गर्दै लैजाने निति अवलम्वन गरीनेछ ।

३८। खोजमुलक र अनुसन्धानमुलक पत्रपत्रकारिता तथा सामुदायिक रेडियोहरुको भौतिक पुर्वाधार विकास तथा क्षमता विकासलाई प्रवर्द्धन गर्न विभिन्न कार्यक्रम संचालन गरीनेछ । विकास पत्रकारीता माफर्त गतिविधिमा उत्कृष्ट कलम चलाउने प्रत्रकारहरु मध्येवाट १ जनालाई विकास पत्रकारीता पुरस्कारले पुरस्कृत गर्ने नीति अवलम्वन गर्दै लगिनेछ ।

३९। सुचना माग्ने र पाउने आम नागरीकको नैसर्गिक अधिकार भएकोले सोको प्रत्याभुति गर्न नगरपालिकाले आफ्नो गतिविधिहरुलाई विभिन्न माध्यमबाट सहज र सर्वसुलभ रुपमा प्राप्त गर्न सक्ने तथा सार्वजनिकिकरण गर्ने व्यवस्था मिलाइ नियमित कार्यक्रमको रुपमा सञ्चालन गर्ने नीति अवलम्वन गरीनेछ ।

४०। लैंगिक हिंसा न्युनिकरण गर्न र समग्र विकासमा लैंगिक क्षमता अभिवृद्धि गर्न महिला पत्रकारहरुको क्षमता अभिबृद्धि तथा नेत्रित्व विकास कार्यक्रम संचालन गरीने छ ।

४१। छरपष्ट रहेको वस्तिको कारण विकासका पुर्वाधारहरुलाइ सवैतिर पुऱ्याउन कठिन भएको कारण नगरपालिकाको रिङरोड आसपास एकिकृत वस्ति निर्माणको लागि यसै आ.व. वाट थालनी गरीनेछ । यसवाट सम्पुर्ण पुर्वाधार विकासको लगानीमा कमि आउने विश्वास गरीएको छ ।

४२। विगत नगरसभाहरुले पारीत गरेका नीतिहरुलाई निरन्तरता दिदै शिक्षामा शुसासन कायम गर्न नगर क्षेत्रका सबै सामुदायिक विद्यालयहरुमा ई-हाजिरी प्रणालिलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

४३। म्याङलुङ नगरपालिकालाई शैक्षिक केन्द्र बनाई नगर क्षेत्र भित्रको समग्र शिक्षा प्रणालिलाई सबै सरोकारवालाहरुको सहयोगमा व्यवस्थित गर्न नगर शिक्षा योजना निर्माण गरीनेछ ।

४४। **"वाल मैत्रि नगरपालिका घोषणा कार्यक्रम"** का शुचकहरु तय गरी विद्यालय क्षेत्र भन्दा बाहिर रहेका उमेर पुगेका बालबालिकाहरुलाई विद्यालय सम्म पहुँच पुऱ्याउन विद्यालय भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ । वि.सं. २०७७ भाद्र

२९ भित्र बालमैत्री नगर घोषणाको प्रतिबद्धता गरीएको हुँदा सो अभियानलाई साकार पर्न आवस्यक कार्यक्रमहरु संचालन गरीनेछ ।

४५। ***"हाम्रो साक्षर नगर, हाम्रो भविश्य निर्माण"*** कार्यक्रम मार्फत नगर क्षेत्र भित्रका सबै सामुदायिक विद्यालयमा अध्यनरत अपाङ्ग विद्यार्थीहरुलाई विषेश शैक्षिक सामाग्री प्रदान गर्ने कार्य सुरु गरीनेछ ।

४६। अंग्रेजी भाषा प्रतिको बढ्दो लोकप्रियता र आवश्यकतालाई मध्येनजर गरी यस शैक्षिक सत्र देखी प्रत्येक वडामा एक एक वटा सामुदायिक विद्यालय छनौट गरी पूर्ण अंग्रेजि माध्यममा पठनपाठन संचालन गर्न तथा मौजुदा माध्यमिक विद्यालय, आधारभुत विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन गर्ने नीतिगत व्यवस्था अनुसार आवश्यक पहल गरीनेछ ।

४७। नगर क्षेत्रमा खेलकुदको विकास र प्रवर्द्धनका लागि शिक्षामा खेलकुद कार्यक्रम विभिन्न निकायसँग समन्वयात्मक रुपमा सञ्चालन गरीनेछ ।

४८। विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा समिति, तथा विषयगत शिक्षकहरुको क्षमता विकासका लागि आवश्यक तालिमको पहिचान गरी सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

४९। ***"सबैका लागि र सधैंका लागि शिक्षा"*** कार्यक्रम भन्ने नारालाई मूर्तरुप दिन विद्यार्थी र शिक्षक सम्वाद, शिक्षक र अभिभावक सम्वाद, नगरपालिका र व्यवस्थापन समिति सम्वाद जस्ता विभिन्न कार्यक्रम संचालन गरीनेछ ।

५०। नगर क्षेत्रका सबै माध्यमिक विद्यालयहरुमा छात्रा सहायता कक्ष स्थापना गरी छात्राहरुको लागि न्युनतम विद्यालय छोड्नु पर्ने अवस्थाको अन्त्य गरीनेछ ।

५१। शैक्षिक वेरोजगारको अवस्थाको न्युनिकरण गर्न विद्यालय तथा विद्यालय बाहिर व्यवसायिक शिक्षाको प्रबर्द्धनमा विषेश जोड दिईनेछ ।

५२। प्रदेस सरकार र म्याङ्लुङ्ग नगरपालिकाको साझेदारीमा सञ्चालन गर्न तय गरीएको नेत्र गुराँगाई बहु प्राविधिक शिक्षालय म्याङ्लुङ्ग वडा नं. ९ र ४ स्थित पाटिगाउँमा निमार्णधिन हुँदै गरेको आयोजनालाई विषेस प्राथमिकताको साथ गुणस्तरिय कार्य सम्पादनको लागि जोड दिईनेछ ।

५३। नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रत्यायोजन गरेको अधिकार र दायित्वको आधारमा १०० पुर्णकको स्थानीय पाठयक्रम निमार्ण गरी शैक्षिक सत्र २०७७ बाट लागु गरीने छ । उक्त पाठयक्रमका मार्फत स्थानीय स्तरको पहिचान झल्किने विषयबस्तु समेटिनेछ जस अन्तरगत भौगोलिक अवस्था धार्मिक एव पर्याटकिय स्थल कृषि पशुपालन, स्थानीय कला सस्कृती लाई समेटेर कक्षा १ बाट क्रमश कक्षा ८ सम्म आधारभुत तहका विद्यार्थीहरुलाई आफ्नो स्थानीय स्तरमा रहेको मौलिकताको पहिचान दिलाउने निति अवलम्वन गरीने छ ।

५४। पहिलो नगर सभाले गरेको नगर क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाबाट २४ सै घण्टा सेवा प्रदान हुने व्यवस्था मिलाईनेछ भन्ने नीतिलाई यस आ.व.मा पनि निरन्तरता दिएको छ ।

५५। प्रत्येक वडामा स्वास्थ्य चौकिको निर्माण गरी आवश्यक उपकरण, औषधि, खोपको वितरण समुचित रुपमा उपलब्ध गराइनेछ । न.पा. केन्द्रमा रहेको अस्पताललाई ५० सैया बनाई आधुनिक सुविधा सम्पन्न अस्पतालको रुपमा विकसित गर्ने गत आ.व.को सभामा पेश भएको कार्यक्रमलाइ निरन्तरता दिइ अझ सेवाग्राही मैत्री बनाईनेछ ।

५६। जनस्वास्थ्यलाई प्रभावपर्ने आधारभुत स्वास्थ्य सेवालाई नियमित प्रर्बदनात्मक कार्यक्रम संचालन गर्दै स्वास्थ्य र सरसफाई सम्बन्धि जनचेतना अभिवृद्धि गरी HIV/AIDS, लागु पदार्थ तथा दुर्व्यसनि नियन्त्रण गर्न संघिय सरकार, प्रादेशिक सरकार तथा विभिन्न संघ संस्थाहरुसँग सहयोग, समन्वय र साझेदारि गर्ने नीतिलाई निरन्तरता दिईनेछ साथै छयरोग, लागुपदार्थ दुर्वेसनि हात्तीपाईले लगाएताका स्वास्थ्य समस्यालाई निरुपण गर्न प्रभावकारी कार्यक्रम ल्याईने छ ।

५७। स्वच्छ पानी पिउन पाउने नागरीक अधिकारको सुनिश्चित गर्न समय समयमा पानिको शुद्धता परिक्षण गर्ने व्यवस्था गरीनेछ ।

५८। महिला तथा किशोरीहरुको स्वास्थ्य र सुरक्षाका लागि म्याङलुङ नगरपालिकाले शुन्य असुरक्षित गर्भपतनको नीति लिएको छ । उक्त लक्ष प्राप्तीको लागि जिल्ला स्तरमा तयार भएको र यस पालिकाले प्रतिबद्धता जनाएको शुन्य असुरक्षित गर्भपतन कार्यक्रम घोषण भईसकेको र यस लाई भोलिका दिनमा पनि सार्थक कार्यन्वयन र जनचेतनको लागि आवश्यक कार्यक्रम सञ्चालन गरीने छ ।

५९। किसोर किसोरीहरुको लागि यौन तथा प्रजनन र जिवन उपयोगी सिप प्रर्बद्धनका लागि स्वास्थ्य सचेतना कार्यक्रमहरु संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

६०। प्रत्येक वडामा जेष्ठ नागरीकहरुको स्वास्थय परिक्षणका लागि प्रत्येक महिना अभियानात्मक चेक जाचको कार्यक्रम संचालन गरीनेछ ।

६१। प्रजनन् स्वास्थ्य तथा स्वस्थ शिशु जन्मन पाउने अधिकारलाई सुनिश्चित गर्न गर्ब परिक्षण चक्र र स्वास्थ्य केन्द्रमा मात्र प्रसुती गर्न गराउन थप प्रोत्साहन गरीनेछ ।

६२। नगर क्षेत्रमा रहेको अस्पतालमा मानसिक स्वास्थ्य ईकाई स्थापना गर्न पहल गरीनेछ ।

६३। बालबालिकाको बृत्ती विकास साथै पोषणको अवस्था शुनिश्चीत गरी स्वस्थ्य बालबालिकाको विकास गरीनेछ ।

६४। महिला स्वास्थ्य स्वयंसेविकाहरुलाइ थप हौसला प्रदान गर्दै स्वास्थ्य क्षेत्रमा उनीहरुको योगदान थप विस्तार हुने कार्यको लागि विशेष नीति अपनाइनेछ ।

६५। नेपाल सरकार द्धारा संचालन गरीएको स्वास्थ्य विमा कार्यक्रमलाई म्याङलुङ्ग नगरपालिकाको तर्फबाट प्रभावकारी कार्यान्वयन तथा विपन्न बर्गको स्वास्थ्य सुविधामा सहज पहुँच अभिबृद्धि गर्न विपन्न समुदाय स्वास्थ्य विमा सहयोग कार्यक्रम संचालन गरीने छ ।

६६। पछिल्लो समयमा समुदायमा देख्खापरेको मानसिक स्वास्थ्य समस्यालाई मध्ये नजर गर्दै मानिसिक स्वास्थ्य समस्या सुधार गर्नका लागि हरेक वडामा मनो सामाजिक परामर्श कर्ताको ब्यवस्था मिलाई उचित परिचालन गरीने छ ।

६७। म्याङलुङ्ग नगरपालिकाको जिरिखिम्ती बजार क्षेत्रलाई लक्षित गरी सहरी स्वास्थ्य केन्द्रमा स्वास्थ्य केन्द्रकै कर्मचारी लाई ब्यवस्थापन गरी आईतवार देखि शुक्रवार सम्म कार्यालय समय सम्म ल्याब, डाक्टर सहितको ओ.पि.डि. सेवा तथा २४ सै घण्टा सामान्य प्रसुती सेवा सन्चालन गर्ने साथै कोवेक शहरी स्वास्थ्य क्लिनिकलाई थप व्यावस्थित गर्ने नीति लिएको छ ।

६८। म्याङलुङ्ग नगरपालिका वडा नं. ९ को हलिमेलामा वडा स्वास्थ्य केन्द्र स्थापना गरी सन्चालनमा ल्याउने नीति लिएको छ ।

६९। विश्व व्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को उच्च सर्तकता अपनाउन र लकडाउनका कारण जन जिवनमा परेको असरलाई न्यूनिकरण गर्न प्रकोप नियन्त्रण कोषको स्थापना गरी आर्थिक वर्ष २०७६।०७७बाट सञ्चालनमा ल्याएको छ यसलाई आगामी आर्थिक वर्षमा समेत प्रभावकारी रुपमा परिचालन गरीने छ साथै जनताको स्वास्थ्यलाई उच्च प्राथमिकता दिई सवै खाले कार्यक्रमहरु मार्फत कोरोना संक्रमणको नियन्त्रणलाई ख्याल राखिने छ । नगर स्तरमा गठन गरीएको कोरोना भाईरस नियन्त्रण व्यावस्थापन समन्वय समिति र वडा स्तरमा गठन गरीएको समितिलाई उच्च प्रचमिकताको साथ परिचालन गरीने छ । कोरोना भाईरस तत्काल नियन्त्रणमा आउन सक्ने अवस्था नभएको हुदाँ कोरोना भाईरस सगँ संघष गर्दै जनताको जीवन यापन र समग्र समाजको विकास र समृद्धिको यात्रालाई सहजतार्ुवक अगाडि वढाउने निति अवलम्वन गरीनेछ ।

७०।म्याङलुङ्ग नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुबाट जेष्ठ नागरीक लक्षीत औषधी, सामाग्रीहरु (मधुमेह, उच्च रक्तचाप, दम, बाथ रोग आदी ) नियमित उपलब्ध हुने गरी ब्यवस्था मिलाउदै लगिने छ ।

७१। महिला रोग सम्वन्धी सिविर (पाठेघर जाच, रिङ्ग पेसरी क्याम्प, योनरोगहरु सम्वन्धि जाँच) म्याङलुङ्ग नगरपालिका भित्र उपयुक्त दुई स्थानमा राख्ने ब्यवस्था मिलाउदै लगिने छ ।

७२। एक टोल एक ट्यांकी, घर घरमा स्वच्छ खानेपानी भन्ने नारालाई प्रभावकारी वनाउँन नगरपालिका क्षेत्रमा क्रियासिल सवै उपभोक्ता समितिहरुसँग समन्वय गरी खानेपानीको व्यवस्थापनमा निरन्तर सहयोग गर्ने नीति अवलम्वन गरीने छ ।

७३। ***सडकमा फोहोर फाल्नेलाई फाइन, उचित व्यवस्थापनका लागि डस्विन*** "कार्यक्रम अन्तरगत वजार क्षेत्रमा १ घर १ डस्विन तथा ग्रामिण क्षेत्रमा स्थानीय उत्पादन डोको डस्विन कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउँदै लगिनेछ ।

७४।मापडण्ड नपुगेका चर्पिहरुको पहिचान गरी स्तरोन्नती गर्न सहजिकरण तथा पुर्ण सरसफाई कार्यक्रमलाइ प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।

७५। खानेपानीको सुरक्षा तथा आर्थिक वचतका लागि अनिवार्य मिटर प्रणालि जडान गर्ने कार्यलाई निरन्तर तथा तगारुकताका साथ लागु गरीनेछ ।



कुमार तम्वाहाङ्फे

७६। स्वच्छ खानेपानीको उपलब्धता कम भएको वडाहरुलाई प्रथमिकतामा राखी ***घरघरमा स्वच्छ खानेपानी अभियान*** संचालन गरीनेछ ।

७७। म्याङलुङ खानेपानी योजना, सिर्दले खानेपानी आयोजना तम्फुला खानेपानि योजना, जिरिखिम्ती वजार खानेपानी आयोजना , संसारी बजार खानेपानी आयोजना, दुम्सीढाँड खानेपानी आयोजना, बाक्सीला खानेपानी आयोजना, जरिङ्गे खानेपानी आयोजना पिप्ले हरिसे अम्फुला पिलिङडाँडा खानेपानी आयोजना, पिगुवा बैकुन्ठे खानेपानी आयोजना जस्ता अति महत्वपुर्ण योजनाहरुलाइ सम्पन्न गराउन संघीय  सरकार तथा प्रदेश सराकार समक्ष विशेष पहल गरीनेछ ।

७८। **"खेलकुद विकासमा समयदान, प्रत्येक वडामा खेलमैदान"** कार्यक्रम अन्तरगत स्थानीय समुदायको सहभागितामा प्रत्येक वडामा १ वटा वडा स्तरिय खेलमैदान निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

७९। म्याङलुङ नगरपालिकाको २ नं. वडामा रहेको खेल मैदानलाई पूर्वाधारयुक्त सुविधा सम्पन्न जिल्ला स्तरीय रंगशालाको रुपमा विकास गर्न नगरपालिका तथा प्रदेश सरकार र राष्ट्रिय खेलकुद परिषदको साझेदारिमा निर्माण सम्पन्न गर्न यसै आ.व. देखि निमार्ण कार्यक्रम थालनी भएको छ यसलाई निरन्तरता दिदै उचित वजेटको व्यवस्थापन मिलाउन समन्वय गरीनेछ ।

८०। राष्ट्रिय खेलकुद परिषद, युवा तथा खेलकुद मन्त्रालय मार्फत हाल सम्म यस नगरपालिकामा निर्माण संपन्न  हुन नसकेको कभर्ड हल निर्माण गर्न यसै आ.व. देखि नगरपालिकाले साझेदारी रकम विनियोजन गरी निर्माण कार्य अगाडि वढाउने छ ।

८१। नगर युवा तथा खेलकुद बिकास समिति मार्फत नगर खेलकुद योजना तर्जुमा गरी प्रत्येक वर्ष **मेयर कप खेलकुद** प्रतियोगिता संचालनलाई थालनी गरीनेछ । पाँचौ नगरसभा मार्फत खेलकुद प्रशिक्षक परिचालन कार्यविधि २०७७ पारित गरीएको छ उक्त कार्यविधि अनुसार विभिन्न महत्वपुर्ण खेल विधामा खेलकुद प्रशिक्षक नियुक्ती गरी परिचालन गरीने छ साथै यसै अवसरमा खेलाडी तालिम तथा उत्कृष्ट खेलाडीलाई पुरस्कृत गर्ने कार्यक्रम समेत समावेश गरीनेछ ।

८२। म्याङ्लुङ्ग नगरपालिका भित्र कार्यक्षेत्र भएका विभिन्न खेलकुद तथा युवा क्लवहरुलाई मेला, पर्व तथा राष्ट्रिय तथा स्थानीय स्तरका दिवसहरुमा खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रोसाहन गरीने छ ।

८३। स्थानीय युवा क्लवहरुलाई आधुनिक प्रविधिमैत्री खेलकुद सामाग्री उपलब्ध गराउने निति अवल्वन गरीने छ  ।

८४। नगरपालिका क्षेत्रमा लोकप्रिय कार्यक्रम सञ्चालन गर्ने तथा सामाजिक सक्रियतापूर्वक गतिविधि सञ्चालन गर्ने उत्कृष्ट युवा क्लवहरुलाई उनीहरुको कामको कदर गर्दै भविश्यमा समेत यस्ता गतिविधिहरुको निरन्तरतामा प्रेरण दिन उचित पुरस्कार एव प्रोत्सान कार्यक्रम सञ्चालन गरीने छ ।

८५। राष्ट्रिय युवा नीति, युवा ऐन र युथ भिजन २०२५ ले गरेका परिकल्पनालाई सार्थक तुल्याउन आवश्यक नीति नियम तर्जुमा गरी कार्यान्यवन गरीनेछ तथा नगरपालिका मार्फत गठन भएका युवा टोल बिकास सस्थाहरुलाई सामाजिक जनचेतना , वातावरण संरक्षण तथा सरसफाई लगायतका अभियानहरुमा सकृयता पुर्वक क्रियाशिल गराईनेछ ।

८६। राष्ट्रिय युवा परिषद अन्तरगतका सार्बजनिक शिक्षा सवलिकरण कार्यक्रम, युवा सिप तथा उद्यमशिलता विकास कार्यक्रम, युवा क्लव र युवा संसद् संचालन कार्यक्रम, युवा प्रतिभा पहिचाहन तथा प्रोत्साहन अन्तर्गत प्रत्येक वडाका उत्कृष्ट एक युवा उद्यमीलाई सम्मान गर्ने र  विना ब्याज विना धितो ऋण अन्तरगत युवा उद्यम कार्यक्रमलाई यस आर्थिक वर्षबाट म्याङ्लुङ्ग नगरपालिकाबाट  आन्तरिक वजेट विनियोजन गरी  प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ

८७। ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिकलाई उपचार खर्च सहयोग गरीनेछ र नगरपालिका क्षेत्रका सवै वडाहरुमा जेष्ठ नागरिक वृद्ध विश्राम केन्द्र निमार्ण गरीनेछ साथै ग्रामिण क्षेत्रमा पाचँ रोपनी भन्दा कम जमिन भएका नागरीकहरुको हकमा सम्पती करमा ७५ प्रतिशत  छुट गरीनेछ , कृषि, पशुपालन तथा साना व्यावसायहरु लाई अनिवार्य  निरजिवन विमा कार्यक्रममा संलग्न गराईनेछ , कुखुरा पालन तरकारी खेती लगायत दैनीक उपभोग्य वस्तुलाई आन्तरिक उत्पादनमा प्रोत्साहन गरि आयात प्रतिस्थापनलाई स्थापित गराउन प्राथमिकताको साथ कार्यक्रम ल्याईनेछ , कुखुराको आहारा दाना उत्पादन गर्न आवश्यक उद्योग स्थापना गरीनेछ ।

८८। म्याङ्लुङ्ग नगरपालिकामा सञ्चालित महिला उद्यमी तथा व्यवसायीलाई व्यावसाय दर्ता गर्न आउदा ५० प्रतिशत व्यावसाय दर्ता छुट , दलित असाहय भुमिहिन परिवार र सहिद परिवारका वच्चाहरुलाई वार्षिक पाँच सय शैक्षिक सामाग्री ( स्टेसनरी लगायत) शैक्षिक सहायता तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरीनेछ ।

**८९** साहित्य तथा कला क्षेत्रको विकास गर्न आवस्यक कार्यक्रम तयार गरी कार्यन्वयन गरीनेछ ।

९०। म्याङलुङ्ग नगरपालिकालाई आगामी तिन बर्ष भित्रमा राष्ट्रिय युवा परिषद संग आवश्यक समन्वय र सहकार्य गरी नमुना युवा नगरपालिकाबाट युवा मैत्री नगरपालिका निर्माण गर्न आवश्यक सूचकहरु विकास गरी कार्यन्वयनमा जोड दिईने छ ।

९१। समुन्नत समाजको निर्माण तथा समाजमा देखिने सवै खाले हिंसाका घटनाहरुलाई न्युनिकरण गर्न नगरक्षेत्रका महिलाहरुका लागि सचेतनामुलक, क्षमता विकासमुलक, आयमुलक कार्यक्रम सञ्चालन गरीनेछ ।

९२। सवै संघ संस्था,कार्यालय तथा विद्यालयहरुलाई महिलामैत्रि बनाउने कार्यको लागि सहयोग गरीनेछ ।

९३। आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला/एकल महिलाहरु र बिगतमा गठन भएका आमा समुहको आय आर्जनका लागि कार्यक्रम सञ्चालन गरीनेछ ।

९४। नगरपालिकाका विपन्न जनताको जिविको पार्जन, शिप विकास तथा आयआर्जन अभिबृद्धी गर्न उपमेयर आत्मनिर्भ कार्यक्रम संचालन गरीने छ ।

९५। ***विपन्न परिवार आवास कार्यक्रम*** मार्फत जग्गा विहिन नगरबासीहरुको व्यवस्थित बसोवासको लागी एकिकृत बस्ती निर्माणको थालनी गरीनेछ ।

९६। जेष्ठ नागरीक अनुभवका खानि तथा सदैव श्रद्धाका धरोहर हुने भएकोले उहाँहरुको सम्मानमा सुविधाजनक जेष्ठ नागरीक विश्राम स्थल निर्माण भैरहेका छन । यसलाई आवश्यकताका आधारमा थप विस्तार गरीनेछ । विश्राम स्थलमा सबै उमेर समुहका व्यक्तिहरु महिनामा कम्तिमा एक पटक जम्मा भई अन्तरपुस्ता अनुभव तथा सिकाई साटासाटको वातावरण निर्माण गर्न कार्यक्रम संचालन गरीनेछ ।

९७। अपांगता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाका विषेश कार्यक्रमहरु संचालन गरीनेछ ।

९८। बालबालिका लक्षित कार्यक्रम छनौट गर्दा निति निर्माण गरी सोको आधारमा बालबालिकाको प्रतक्ष सहभागितामा बालबालिकाकै मागमा आधारित योजनाहरु छनौट गरीने छन् । यी कार्यक्रमहरु बालबालिकाहरुले नै अधिकतम लाभ पाउने गरी रचनात्मक तथा मनोरन्जनातमक क्षेत्रमा कार्यान्वयन गरीनेछ ।

९९ हिंसा पिडितहरुको सहयोगको लागि सुरक्षित महिला आवास केन्द्र स्थापना भएको छ, र उक्त आवास गृह सञ्चालन गर्न म्याङ्लुङ्ग नगरपालिकाबाट पाँचौ नगरसभाबाट पारित सुरक्षीत महिला आवास गृह सञ्चालन कार्यविधि अनुसार उनीहरुलाई आवश्यक आर्थिक सहयोग गर्न एक कोषको स्थापना गरीनेछ ।

१००। नगरको सम्मृद्धिमा योगदान पुरयाउने महिला उद्यमीहरुलाइ प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ ।

१०१। समुन्न समाजको निर्माण गर्न समाजमा देखिएका हिंसा र विभेदहरुको अन्त्य गर्ने उद्धेश्यले पाँच बर्षे लैगिक तथा सामाजिक समावेसिकरण रणनितिक योजाना निर्माण गरीनेछ ।

१०२। बैदेशिक रोजगारीमा गएका महिला तथा पुरुष परिवारलाई रेमिटान्स सदुपयोग र सामाजिक जिम्मवारीका बारेमा अभिमुखिकरण तथा बाहिरबाट फर्केर आउका युवाहरुको सिप र क्षमतालाई सदुपयो गर्ने नीति लिईने छ ।

१०३। कोभिड १९ को कारण विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सेवा केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई यस नगरपालिका भित्र उपलब्ध हुने निर्माण सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगार दातासँग समन्वय गरी रोजगार उपलब्ध गराउन सहजीकरण गरीनेछ ।

१०४। कोभिड १९ को कारण विदेशबाट फर्किएका तथा स्वदेशमा नै रहेका वेरोजगार व्यक्तिहरुलाई उनीहरुको सीप कामको योग्यता र क्षमता अनुसार रोजगार सेवा केन्द्रमा सुचिकृत गराई न्यूनतम श्रम गर्न पाउने अधिकारलाई स्थापित गराउन नेपाल सरकारद्वारा अगाडि वढाईएको प्रधानमन्त्री रोजगार कार्यक्रममा वडा वडामा छनौट भएका आयोजनाहरु संपन्न गर्न प्रभानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत प्राप्त भएको कामदार पारिश्रमीकको अलावा सम्बन्धीत आयोजनामा आवश्यक पर्ने निमार्ण सामाग्री खरिद गर्न सबै वडाबाट आवश्यक वजेट विनियोजन गर्ने र प्रभावकारी कार्यन्वयनमा जोडदिने निति अवलम्वन गरिएको छ ।

१०५। बिगतमा संन्चालित विपन्न संग नगरपालिका कार्यक्रमलाई नेपाल सरकारबाट संचालित ग्रामिण उद्यम तथा बिप्रेषण आयोजना (समृद्धी) कार्यक्रम संग समायोजन गरी विपन्न सग नगरपालिका कार्यक्रममा करार सेवामा कार्यरत

सहजकर्ताहरुलाई समेत समृद्धी कार्यक्रमा निरन्तरता दिने र सो कार्यक्रमलाई आवश्यक पर्ने बजेट साझेदारी कोष मार्फत व्यवस्था गरीने छ ।

१०६। यसै वर्ष नगरपालिकाले तयार गरेको ५ वर्षे कृषि विकास रणनैतिक योजनाको आधारमा आगामी ५ वर्षसम्म कृषि व्यवसायिकरण तथा कृषि उद्यमको विकास गर्ने नीति लिइनेछ । जसवाट नगरपालिकामा समुदायको सम्मृद्धि गर्न थप मद्दत पुग्नेछ ।

१०७। कृषि उत्पादकत्व १० वर्षमा दोव्वर गर्न कृषिको आधुनिकीकरण र व्यवसायीकरणको योजना साहित कृषि पूर्वाधारमा ठूलो लगानी गर्ने संघीय र प्रदेशिक सरकारको नीति रहेको छ । यस सन्दर्भमा यस नगर क्षेत्रमा कृषि उपज तथा कृषिजन्य उत्पादन अभिवृद्धि गर्नका लागि उद्यमशीलता प्रवर्द्धन , मल बिउ, एवं कीटानासक औषधिको उपलब्धता , उत्पादित वस्तुको भण्डारमा , प्रोधन र वजारीकरणमा सहजीकरण कृषिनेछ ।

१०८। किसानको लागत मुल्य सुनिश्चितताको लागि कृषि तथा पशु वीमा कार्यक्रमलाई प्रोत्साहित गर्न अध्ययन , अनुसन्धान एवं विश्लेषण कार्य गराईने छ । सो को आधारमा कृषि तथा पशु वीमा कार्यक्रमको शरुवात कृषिनेछ ।

१०९ **एक गाउँ एक उत्पादन** कार्यक्रम मार्फत आर्थिक उपार्जन तथा रोजगारी सृजना गर्न आवश्यक सहयोग तथा समन्वय गर्ने नीति अवलम्वन गरीनेछ । प्राविधिक सिप विकास तालिम उपलब्ध गराई एक गांउँ एक उत्पादन कार्यक्रमबाट प्रत्येक घरमा कम्तीमा **एक घर एक रोजगार कार्यक्रम** प्राथमिकताका साथ गरीनेछ । वैदेशिक रोजगारबाट स्वदेश फिर्ता भएका युवाहरुलाई उद्यमी/व्यवसायी बनाउन विशेष कार्यक्रम संचालन गरीनेछ ।

११०। बाँझो रहेका जग्गाहरुलाई प्रयोगमा ल्याई उत्पादन वृद्धिका लागि कृषि वा पशुपालन समुहलाई निश्चित अवधिका लागि लिजमा दिने नीतिलाई अवलम्वन गर्न आवश्यक नीतिहरु तर्जूमा गरीने छ । दुध फुल र मासुमा आत्मनिर्भर बनाई निकासी प्रबर्द्धनमा जोड दिईनेछ ।

१११। पुराना कृषी/पशुका पकेट क्षेत्रहरुलाई निरन्तरता दिदै नयाँ पकेट क्षेत्रको विकास तथा विस्तार गरीनेछ ।

११२। आधुनिक प्रविधियुक्त कृषि,पशुपंछी,माछा,मौरी पालन कार्यक्रमलाई प्रोत्साहित गर्दै कृषि उपजमा किटनाशक औषधि र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड तथा उन्नत विउ विजनको प्रयोग गर्ने नीति अवलम्वन गरीनेछ ।

११३। म्याङलुङ्ग नगरपालिकाका सम्भावित कृषि तथा पशुपालन क्षेत्रको आधुनिकिकरण सहित प्रविधियुक्त बनाई कृषि पर्यटन केन्द्रको रुपमा विकसित गरीनेछ ।

११४। स्वच्छ तथा सफा मासु उपभोगको लागी बजार क्षेत्रमा व्यवस्थीत पशु बधस्थल निर्माण गरीनेछ ।

११५। उत्कृष्ट कृषि तथा पशुपालक कृषकलाई प्रोत्साहन गर्न पुरष्कृत गरीनेछ । साथै कृषि तथा पशुपालन ब्यवसायलाई युवा स्वरोजगार उन्मुख बनाउन प्रेरित गरीनेछ ।

११६। कृषि विकास रणनैतिक योजनाले उल्लेख गरेका वडाहरुलाइ गाईपालन, वाखा पालन, किवि खेति, अदुवा खेति, अलैची खेति, एवोकाडो लगायतको पकेट क्षेत्रको रुपमा घोषणा गरी विशेष कार्यक्रम लागु गरीनेछ ।

११७। अन्य नगरपालिका र गाउँपालिका तथा अन्य जिल्लावाट यस नगरपालिकामा स्थायी वसोवास गर्ने तथा कृषि तथा पशुपालन व्यवसायमा व्यवसायिकरण गर्ने उद्देश्यले वासाइ सरी आउनेलाइ उनको व्यवसायमा विशेष अनुदान सहयोग गर्ने नीति लिइनेछ ।

११८। यसै वर्ष देखि यस म्याङलुङ नगरपालिकालाइ ढाकाको राजधानी घोषणा गरी **"तेह्रथुमेहरुको शान, घर घरमा ढाकाको तान"** भन्ने नारालाई सार्थक तुल्याउन विभिन्न ढाका प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरीनेछ साथै आ व २०७६।०७७ मा स्थापना गरीएको कोशेली घर लाई सुद्धिढिकरण गरीनेछ ।

११९ म्याङलुङ्ग नगरपालिका ढाकाको राजधानी भएको कारण ढाका उत्पादनलाई यस नगरको मुख्य पहिचानको रुपमा स्थानीय ढाका कपडालाई प्रवर्द्धनका लागि सवै विद्यालयका विद्यार्थिहरुले लगाउने टाइ र रुमाल ढाकाको प्रयोग अनिवार्य गाराईनेछ ।

१२०। म्याङलुङ्ग नगरपालिकाका पुरुष जनप्रतिनिधी र कर्मचारलाई ढाकाको टोपी र महिला जनप्रतिनिधी कर्मचारीलाई ढाकाको पछ्यौरा लगाउन कार्यालय समय तथा औपचारीक कार्यक्रममा संलग्न हुदाँ अनिवार्य रहने व्यवस्था गरीनेछ ।

१२१। स्थानीय कृषि प्रसोधन तथा गैर काष्ठ वन पैदावरजन्य उद्योगहरुको पहिचान गरी कार्यान्वयन गर्न अवश्यक पहल गरीने छ ।

१२२। सञ्चालित साना उधोगहरुलाई अनिवार्य नगरपालिकामा दर्ता गर्ने तथा दर्ता नगर्ने उधमीहरुलाई नगरपालिकावाट प्रदान गर्ने सेवामा रोक लगाउने नीति अवलम्वन गरीने छ ।

१२३। नगरक्षेत्र भित्रका गाउँ गाउँमा आर्थिक विकासका लागि उत्पादनमुलक लघु उद्यम कार्यक्रम तथा एक घर एक उत्पादन विधि संचालन गरीनेछ ।

१२४। म्याङलुङ्ग नगरपालिकाबाट तयार भएको लघुउद्यम रणनैतिक गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा विषेश जोड दिइनेछ जसको लागि प्रत्येक वर्ष १०० जना लघु उद्यमी तयार गर्न वजेट विनियोजन गरीनेछ ।

१२५।वन पैदवार तथा जडिवुटि जन्य उद्यम व्यवसाय तथा प्रशोधनशालाको प्रवर्धन गर्ने नीति लिइनेछ ।

१२६। सहकारीको नियमित र प्रभावकारी नियमन गर्दै मुल्यांकनमा उत्कृष्ट एक सहकारीलाई प्रत्येक बर्ष **सहकारी संग मेयर पुरष्कार**ले पुरष्कृत गरीनेछ ।

१२७। सहकारी व्यवस्थापक तथा कार्यरत जनशक्तिको क्षमता विकासकालागि आवश्यक सहयोग गरीने छ ।

१२८। सहकारी ऐनमा भएका प्रावधानहरुलाई पूर्ण रुपमा पालन गर्न सहकारी शिक्षालाई टोल टोल सम्म पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

१२९ सहकारी संस्थाको ऋण शुरक्षण, जोखिम व्यवस्थापन तथा सबै सहकारी संस्थाहरुमा एकरुपता प्रणालि कायम गराउने निती अवलम्बन गरीने छ ।

१३०। नगरपालिका क्षेत्र भित्र प्रत्येक वडामा एक मनोरञ्जानात्मक पार्क वालउद्यान निर्माण गरी पर्यटन व्यवसायलाई विस्तार गर्ने नीति अवलम्वन गरीनेछ ।

१३१। नेत्र गुरागाँई स्मृति पार्कलाइ नगर स्तरिय पार्क निर्माण गर्न प्रदेश सरकार तथा संघिय सरकार समक्ष्य अनुरोध गदै साझेदारिमा कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्वन गरीनेछ ।

१३२। संखुवासभा जिल्लाको मंगलवारे देखि छेलेडाँडा, सिमिनाक्छी, सर्वेश्वर माहादेव कुटी, शिवथान,नेत्र गुरागाई स्मृती पार्क, केमुक गुफा, पाथिभरा मन्दिर, म्याङ्लुङ्ग मन्दिर, थलडाँडा भ्यू टावर हुदै भिमसेन पाईला र तमोर सम्मको करिडोरलाई पर्यटन क्षेत्रको विकासकालागि DPR सहितको गुरु योजना निर्माण गरी कार्यान्वयन गरीने छ ।

१३३। पर्यटक आगमनको अभिलेख व्यवस्थापन गर्ने कार्य यसै आ.व. दे.खि सुरुवात गरीने तथा पर्यटकिय स्थानको पहिचान खुल्ने गरी व्रोसियर तयार गरीने छ ।

१३४। **"पर्यटनको पुर्वाधार : विकास समृद्धिको आधार"** को नारालाई सार्थक वनाउँन नगरको पर्यटन विकास र संस्कृति प्रवर्द्धनका लागि थलाडाँडा भ्यु-टावर निर्माण, तुम्लिङ्गटार विमान स्थल निर्माण, बहुजातीय संग्राहलय भवन निर्माणको कार्यलाई निरन्तरता प्रदान गरीनेछ ।

१३५।कर्माछिरिङ्ग बौद्ध गुम्वा, पतालेश्वर महादेव, शिवथान शिव मन्दिर, चुलिडाँडा सिता पाईला , साजुधारा, पोतेको ढुंगा, ठुलोबन पिक्नीक स्पोर्ट दामिनि चौर,लुङतरङ झरना,दशगते गुफा, सिमिनाक्सी मन्दिर, राधाकृष्ण मन्दिर तथा संस्कृत पर्बद्धन होमस्टे निर्माण लगायतका पर्यटकिय प्रर्बद्धानात्मक कार्यक्रमहरुको विकास गरीने छ ।

१३६। पर्यटनको लागि सुन्दर र आकर्षक प्रदुषण रहित शहर निर्माण गर्नको लागि यस नगरपालिकाको वजार क्षेत्रमा वंगुर पालन व्यवसायलाइ व्यवस्थित गर्न स्थान तोकि सोहि अनुसार वंगुर पालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३७। कृषि, पर्यटन, सहकारी, उद्योग, वाणिज्य, उद्यम तथा स्वरोजगार सिर्जनाको क्षेत्रमा विशेष योगदान गरी आत्मनिर्भर समाज निर्माण गर्न सहयोग पुरयाउने तथा नगरको समृद्धिमा महत्वपुर्ण देन दिने महिला तथा पुरुष उद्यमी तथा युवा युवतिहरुलाइ एक अक्षय कोष खडा गरी कार्यविधि वनाइ **शहिद नेत्र गुरगाँइ स्मृति पुरस्कार**वाट प्रत्येक वर्ष सम्मान तथा पुरस्कार प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१३८। नगर क्षेत्र भित्रका सवै सामुदायिक विद्यालयमा अध्ययनरत दलित विद्यार्थीहरु मध्येवाट कक्षा आठ र SEE परिक्षामामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रा तथा १ जना छात्रलाई नगरपालिका पुरस्कारले सम्मान गर्ने कार्य सुरु गरीनेछ ।



संजय कुमार तुम्वाहाङ्फे

१३९ नगर भित्रका सवै विद्यालयवाट कक्षा १०+२ परिक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने १ जना छात्रा तथा १ जना छात्रलाई मेयर पुरस्कारले पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ साथै शैक्षिक सुधारका लागि प्रत्येक वडाबाट एक जना शिक्षकलाई आवश्यक मापदण्ड वनाई पुरस्कृत गरिनेछ । निजि विद्यालयहरुमा समेत अनिवार्य छात्रवृत्ती कार्यक्रम, विपन्न, दलीत तथा पछाडि परेको परिवारका सन्तानको पहुचँ अभिवृद्धिका लागि आवश्यक छुट तथा सौलियत कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्न लगाईनेछ ।

१४०। नगरपालिकामा रहेका सवै सामुदायिक वनहरुमा वन जगेर्ना तथा घास जडिवुटी जन्य प्रजातीका वृक्षारोपण कार्यक्रम संचालन गरीने छ ।

१४१। सामुदायिक वन उपभोक्ता समितिको साझेदारीमा ठुला वनहरुको EIA कार्य गर्न आवश्यक पहल गरीने छ ।

१४२। वढि भूक्षय हुने स्थानको पहिचान गरी सो क्षेत्रमा भुंसरक्षण गर्ने खालका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

१४३। साविक आम्वुङ तथा जिरिखिम्ती क्षेत्रलाई विषेश प्राथमिकता क्षेत्र तोकि यस क्षेत्रमा रहेका जलाधारका श्रोतहरुको संरक्षण गदै लैजाने कार्यक्रम तय गरीने छ ।

१४४। जलाधार क्षेत्रमा पुर्वाधार विकासका कार्यक्रम संचालन गर्दा अनिवार्य रुपमा पानी माथि प्रभाव पर्ने नपर्ने अवस्थालाई अध्ययन गरेर मात्र कार्यक्रम कार्यान्वियन गर्ने परिपाटीको विकास गरीनेछ ।

१४५। जलवायु परिवर्तन विश्व व्यापि समस्याको रुपमा अगाडी आइरहेको सन्दर्भमा नगरपासीले गर्ने कार्यलाई अनुकुलन योजना वनाई कार्य गर्ने परिपाटिको सुरुवात गरीनेछ ।

१४६। जलवायु परिवर्तनले पार्ने असरको वारेमा जानकारीमुलक सचेतना कार्यक्रम सरोकारवाला निकाय, गैसस तथा अन्य विकास साझेदार संस्थाको सहकार्यमा गर्ने नीति अवलम्वन गरीनेछ ।

१४७। विपद सुचना दिएर आउँदैन, त्यसैले विपद् व्यवस्थापनका लागि यस नगरपालिको स्थानीय विपद व्यवस्थापन तथा प्रतिकार्य योजना LDRMP यसै आ.व.मा निर्माण गरी लागु गरीनेछ ।

१४८। विपद् व्यवस्थापनका लागि पुर्व तयारी कार्य जस्तै विपद् कोषको स्थापना, प्राथमिक उपचार टोली, खोज तथा उद्दार कार्य समुह आदिको निर्मार्ण कार्य सरोकारवाला निकाय जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, ससस्त्र प्रहरी, नेपाली सेना, नेपाल रेडक्रस सोसाईटी सँगको सहकार्यमा गरीनेछ ।

१४९ पुर्व सूचना प्रणालिको विकासका लागि स्थान तथा सहयोगी निकायको खोजि गरीनेछ ।

१५०। जनप्रतिनिधि, कर्मचारीको क्षमता र दक्षता अभिवृद्धिको लागि तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यावस्था मिलाईनेछ ।

१५१।सेवा ग्राही सन्तुष्टी फारमको माध्यमबाट प्राप्त सुझाबका आधारमा कार्यसम्पादन मुल्यांकन गरी काम प्रति इमान्दार कर्मचारीलाई प्रोत्साहन गर्दै सेवा प्रवाह प्रणालिमा आवश्यक सुधार ल्याई मितब्यी र प्रभावकारी सेवा प्रदान गरीनेछ ।

१५२। नगरपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त विश्वानिय, क्षमतायुक्त र प्रभावकारी बनाउदै आवस्यक रिक्त दरबन्दीहरुमा उपयुक्त प्रक्रियाबाट पदपुर्ति पहल गरीनेछ र हाल कार्यरत कर्मचारीहरुलाई योग्यता र क्षमताका आधारमाउपयुक्त पदमा दरबन्दी मिलान गरीनेछ ।

१५३।नगरपालिकालाई प्रविधि मैत्री नगरको रुपमा परिचित गर्न नगरपालिका तथा वडा कार्यालयका सबै कामहरु विद्युतिय माध्यमबाट संचालन गरी पेपर लेस सेवामा जोड दिईनेछ ।

१५४। नगरपालिकाको सेवा प्रवाह प्रक्रियालाई छिटो, छरितो र अझ पारदर्शी बनाउदै लगिनेछ । सम्मानजनक व्यावहार सहित सेवा प्राप्त गर्नु सेवाग्राहिको अधिकार हो भन्ने विश्वासलाई स्थापित गराईनेछ ।

१५५।नगरपालिकाबाट प्रदान गरीने सेवाहरुको सम्बन्धमा सेवाग्राहि सन्तुष्टि फारमको माध्यमबाट प्राप्त सुझाबका आधारमा सेवा प्रवाह प्रणालिमा आवश्यक सुधार गरीनेछ ।

१५६।रबासीहरुको सुविधाको लागि सबै वडाबाट सबै सेवा प्रदानहुने व्यवस्था गरीदै लगिनेछ ।

१५७। नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा सेवाग्रहीप्रती उत्तरदायि बनाउन कर्मचारी आचारणसंहिता निर्माण गरी लागु गरीने छ । जनप्रतिनिधिहरुको समेत आचरसंहिता बनाई कार्यान्वयन गरीनेछ ।

१५८। यस नगरपालिकावाट प्रदान गर्ने सेवालाई जनमुखी बनाउन परामर्स सेवा करार गरी काम गर्ने कार्यको थालनी गरीनेछ ।

१५९।वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरीने सेवाको लागी सेवाग्राहीले पेश गर्नुपर्ने निवेदनहरुको फारम नि:शुल्क रुपमा उपलब्ध गराईनेछ ।

१६०। ***एक द्वार अनेक सेवा*** अवधारणा वमोजिम सेवा प्रवाहको व्यवस्थापनमा जोड दिईनेछ । कार्यालय परिसरमा सेवाग्राहि विश्राम स्थल , सेवाग्राही सहयोगी कक्ष तयार गरीनेछ ।

१६१।स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न न्यायिक समितिको क्षमतामा विकास गरी न्यायीक कार्य सम्पादन लाई चुस्त र प्रभावकारी बनाईनेछ ।

१६२। कर प्रशासन लाई छिटो, छरितो, पारदर्शी बनाउन थप नीतिगत सुधार तथा कर्मचारीलाई क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरीनेछ ।

१६३।कोभिड १९ का कारण सृजित परिस्थितिलाई मध्यनजर गरी राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगर स्तरीय कर व्यवस्थालाई अद्यावधिक गरीनेछ ।

१६४। यस नगरपालिकाले उठाउने करहरु १० वटै वडा कार्यालयबाट बुझाउन सक्ने सफ्टवेर यसै आ.व. वाट व्यवस्थापन गरीनेछ ।

१६५।नगरपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरीनेछ ।

१६६। कर तथा शुल्क संकलनलाई नियमित र पारदर्शी बनाउन बढी संकलन गर्ने वडामा थप कार्यक्रमहरु सोही वडामा सञ्चालन गर्ने नीति अवलम्वन गरीनेछ ।

१६७। महिला उद्यमिद्वारा संचालित ब्यवसायलाई प्रोप्साहन गर्न नगरपालिकामा तिर्नु पर्ने करमा केही छुटको ब्यवस्था गरीनेछ ।

**१६८।** नगरपालिका क्षेत्रमा संचालित ब्यवसायहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालय तथा विभिन्न निकायहरुले कारोवार गर्दा नगरपालिकामा ब्यवसाय दर्ता नभए कारोवार नगर्ने/नगराउने नीति अवलम्बन गरीनेछ ।

१६९।आन्तरिक आयलाई बढोतरी गर्न नगरबासीसँग अन्तरक्रिया/प्रचारात्मक अभियान संचालन गरीनेछ ।

१७०। नगरपालिकाबाट संचालन गरीने उपभोक्ता समिति, संघ सस्था मार्फत संचालन हुने सबै योजना तथा कार्यक्रमहरुमा कम्तीमा १० प्रतिशत श्रम सहभागिता कायमै गरीनेछ ।

१७१। विगत नगरसभामा प्रस्तुत, नगर विकासको दिगो र भरपर्दो श्रोत भनेको नै नगरपालिकाको आफुले संकलितश्रोत नै हो । आन्तरिक आयमा सवल भएमा मात्र नगरको द्रुत विकास हुन सक्छ । त्यसैले नगरपालिकालाई आन्तरिक आयमा क्रमश : सबल बनाउदै लैजानको लागि आन्तरिक आय वृद्धि गर्न करका दर र दायराहरुलाई फराकिलो बनाउदै लगिनेछ ।

१७२। नगरपालिकाबाट सञ्चालन गरीने एक लाख भन्दा बढीका योजना तथा कार्यक्रममा मात्र ३ प्रतिशत आयोजना व्यावस्थापन खर्च कट्टा गर्ने व्यवस्था मिलाईने र थप १ प्रतिशत रकम उपभोक्ता समितिले मसलन्द खर्च गर्नसक्ने व्यवस्थालाई कायम राखिएकोछ ।

१७३। जोखिमको अवस्थालाई मध्यनजर गर्दै जति सुकै रकम भएता पनि वैक खातावाट मात्र भुक्तानी दिइने छ ।

१७४। हरेक महिनाको पहिलो सातामा अधिल्लो महिनाको आम्दानी तथा खर्चको सन्तुलन नगरपालिकाको वैठकमा पेश गर्ने परिपाटिको थालनी गरीने छ ।

१७५। सबै लक्षित वर्गको बजेट तथा कार्यक्रममा पर्न सक्ने जोखिमलाई कमगर्न विशेष सावधानि अपनाईनेछ ।

१५७। नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यालयहरुको कर्मचारीहरुमा सेवाग्रहीप्रती उत्तरदायि बनाउन कर्मचारी आचारणसंहिता निर्माण गरी लागु गरीने छ । जनप्रतिनिधिहरुको समेत आचरसंहिता बनाई कार्यान्वयन गरीनेछ ।

१५८। यस नगरपालिकावाट प्रदान गर्ने सेवालाई जनमुखी बनाउन परामर्स सेवा करार गरी काम गर्ने कार्यको थालनी गरीनेछ ।

१५९।वडा कार्यालय तथा नगरपालिका कार्यालयबाट प्रदान गरीने सेवाको लागी सेवाग्राहीले पेश गर्नुपर्ने निवेदनहरुको फारम नि:शुल्क रुपमा उपलब्ध गराईनेछ ।

१६०। ***एक द्वार अनेक सेवा*** अवधारणा वमोजिम सेवा प्रवाहको व्यवस्थापनमा जोड दिईनेछ । कार्यालय परिसरमा सेवाग्राहि विश्राम स्थल , सेवाग्राही सहयोगी कक्ष तयार गरीनेछ ।

१६१।स्थानीय तहलाई प्राप्त न्यायिक अधिकारलाई संस्थागत गर्न न्यायिक समितिको क्षमतामा विकास गरी न्यायीक कार्य सम्पादन लाई चुस्त र प्रभावकारी बनाईनेछ ।

१६२। कर प्रशासन लाई छिटो, छरितो, पारदर्शी बनाउन थप नीतिगत सुधार तथा कर्मचारीलाई क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गरीनेछ ।

१६३।कोभिड १९ का कारण सृजित परिस्थितिलाई मध्यनजर गरी राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन तथा नगर स्तरीय कर व्यवस्थालाई अद्यावधिक गरीनेछ ।

१६४। यस नगरपालिकाले उठाउने करहरु १० वटै वडा कार्यालयबाट बुझाउन सक्ने सफ्टवेर यसै आ.व. वाट व्यवस्थापन गरीनेछ ।

१६५।नगरपालिकाले विभिन्न क्षेत्रबाट प्राप्त गर्ने कर, शुल्क तथा दस्तुरलाई प्रभावकारीरुपले संकलन गर्नका लागि सम्बन्धित सरोकारवाला निकायसँग सहकार्य गरीनेछ ।

१६६। कर तथा शुल्क संकलनलाई नियमित र पारदर्शी बनाउन बढी संकलन गर्ने वडामा थप कार्यक्रमहरु सोही वडामा सञ्चालन गर्ने नीति अवलम्वन गरीनेछ ।

१६७। महिला उद्यमिद्वारा संचालित ब्यवसायलाई प्रोप्साहन गर्न नगरपालिकामा तिर्नु पर्ने करमा केही छुटको ब्यवस्था गरीनेछ ।

**१६८।** नगरपालिका क्षेत्रमा संचालित ब्यवसायहरुलाई करको दायरामा ल्याउन सरकारी कार्यालय तथा विभिन्न निकायहरुले कारोवार गर्दा नगरपालिकामा ब्यवसाय दर्ता नभए कारोवार नगर्ने/नगराउने नीति अवलम्बन गरीनेछ ।

१६९।आन्तरिक आयलाई बढोतरी गर्न नगरबासीसँग अन्तरक्रिया/प्रचारात्मक अभियान संचालन गरीनेछ ।

१७०। नगरपालिकाबाट संचालन गरीने उपभोक्ता समिति, संघ सस्था मार्फत संचालन हुने सबै योजना तथा कार्यक्रमहरुमा कम्तीमा १० प्रतिशत श्रम सहभागिता कायमै गरीनेछ ।

१७१। विगत नगरसभामा प्रस्तुत, नगर विकासको दिगो र भरपर्दो श्रोत भनेको नै नगरपालिकाको आफुले संकलितश्रोत नै हो । आन्तरिक आयमा सवल भएमा मात्र नगरको द्रुत विकास हुन सक्छ । त्यसैले नगरपालिकालाई आन्तरिक आयमा क्रमश : सबल बनाउदै लैजानको लागि आन्तरिक आय वृद्धि गर्न करका दर र दायराहरुलाई फराकिलो बनाउदै लगिनेछ ।

१७२। नगरपालिकाबाट सञ्चालन गरीने एक लाख भन्दा बढीका योजना तथा कार्यक्रममा मात्र ३ प्रतिशत आयोजना व्यावस्थापन खर्च कट्टा गर्ने व्यवस्था मिलाईने र थप १ प्रतिशत रकम उपभोक्ता समितिले मसलन्द खर्च गर्नसक्ने व्यवस्थालाई कायम राखिएकोछ ।

१७३। जोखिमको अवस्थालाई मध्यनजर गर्दै जति सुकै रकम भएता पनि वैक खातावाट मात्र भुक्तानी दिइने छ ।

१७४। हरेक महिनाको पहिलो सातामा अघिल्लो महिनाको आम्दानी तथा खर्चको सन्तुलन नगरपालिकाको वैठकमा पेश गर्ने परिपाटिको थालनी गरीने छ ।

१७५। सबै लक्षित वर्गको बजेट तथा कार्यक्रममा पर्न सक्ने जोखिमलाई कमगर्न विशेष सावधानि अपनाईनेछ ।

१७६। साझेदारी संघ सरकार, प्रदेश सरकार तथा बिभिन्न दातृ निकाय सामाजिक संघ संस्थासँग कार्यक्रम संन्चालन गर्दा र सिंचाइ, खानेपानि, सडक एवम अन्य भौतिकपुर्वाधार निर्माण गर्दा २०% र ८०%, ३०% र ७०%, तथा ४०% र ६०% लगायतको साझेदारीलाइ आत्मासाथ गरीने छ।

१७७। जनताको गुनासो सुनुवाईको लागी स्थानीय रेडीयो मार्फत मासिक रुपमा "नगरवासीसंग मेयर कार्यक्रम " सञ्चालन गरीनेछ

१७८। गुनासो सुनुवाईको लागि "हेलो नगरपालिका कार्यक्रम" समेत संचालन गरीनेछ।

१७९। नगरपालिकावाट संचालित विभिन्न विकास कार्यक्रम तथा सेवाको अधिकतम सार्वजनिक गरी पारदर्शीता र जवाफदेहितामा अभिवृद्धि गरीनेछ।

१८०। प्रत्येक वडामा वडाका नगरवासी संग नियमित सम्बाद् अन्तरकृया कार्यक्रम संचालन गरीनेछ।

१८१। यस नगरपालिकावाट संचालित सवै योजनाहरुको अन्तिम किस्ता भुक्तानी गर्नु अघि अनिवार्य सामाजिक लेखापरिक्षण गर्ने नीति कडाइका साथ लागु गरीने छ। यस कार्यका लागि छुट्टै कार्यनीति वनाइ नगरपालिको वैठकले निर्णय गरी लागु गर्ने व्यवस्था मिलाइने छ।

१८२। समुदायबाट कुनै पनि जिन्सी वा नगद प्राप्त गर्नु भ्रष्टचार गर्नु हो त्यसैले यस नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीमा ***शुन्य सहनसिलता*** को नीति लागु गरी भ्रष्टचार न्युनिकरणमा जोड दिई सुशासन प्रबर्द्धन गरीनेछ। खराव आचरण देखिएमा नगरपालिका संग सम्बद्ध सम्पुर्णलाई कानुनी कार्वाहिको दायरामा ल्याईनेछ।

१८३। नगरपालिकाको आलेप शाखा मार्फत आन्तरिक लेखापरिक्षणको कार्यलाई व्यवस्थीत वनाइ प्राप्त सुझावलाई व्यवस्थापकिय सम्वोधन मार्फत सुधार गरीनेछ ।

१८४। हरेक आर्थिक वर्षको अन्त्य पछि अन्तिम लेखापरिक्षण गरी प्राप्त सुझाव अनुसार सुधार गर्दै जाने प्रकृयालाई अवलम्वन गरीनेछ।

१८५। स्याङलुङ नगरबासिले हामीलाई सुम्पिएको जिम्मेवारी र बिस्वास मुलतः सुशासन सहितको विकास र समृद्धिको जनआकांक्षा पुरा गर्न म लगायत सम्पुर्ण नगरसभा सदस्यज्यूहरु यस महान अभियानमा निरन्तर लागी पर्ने बिस्वास व्यक्त गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमको कार्यन्वयनबाट यस नगरपालिकाले परिलक्षित गरेका लक्ष र अपेक्षीत उपलब्धी हासिलहुने विश्वास लिएको छु।

१८६। अन्यमा, यस विषम परिस्थितिका बाबजुद यो नीति तथा कार्यक्रम तयार गर्ने शिलशिलामा मार्गदशन गर्नुहुने संघीय र प्रादेसिक सरकार , सभासदज्यूहरु एव. आम नगरवासी आमाबुवा दाजुभाई तथा दिदिवहिनीहरु र अवरात्र खटिनुहुने राष्ट्रसेवक कर्मचारी मित्रहरु प्रति हार्दिक धन्यवाद दिन चाहन्छु।

धन्यवाद

संजय कुमार तुम्बाहाम्फे
नगर प्रमुख